## आ.व. २०८१/८२ का प्रमुख उपलब्धिहरू

* औषधी-प्रतिरोध नभएको क्षयरोग (DS TB) बिरामीको उपचार सफलता दर ९०% भन्दामाथि रहेको ।
* क्षयरोगको उपचार सेवाको पहुँच (कभरेज) ५८% सम्म सुधार भएको।
* देशभर ११७ केन्द्रमा क्षयरोगको द्रुत निदान सेवाहरू विस्तार।
* १५ वटा क्षयरोग निर्दिष्ट माइक्रोस्कोपी केन्द्रहरूलाई फ्लोरेसेन्स माइक्रोस्कोपीमा स्तरोन्नति ।
* उच्च जोखिमा रहेको जनसङ्ख्यामा सक्रिय क्षयरोग खोजपड्तालका लागि हरेक प्रदेशमा ७ वटा एआईमा-आधारित पोर्टेबल एक्स-रे उपलब्धता।
* आ.व. २०८१/८२ मा ५० स्थानीय तहमा क्षयरोग मुक्त नेपाल अभियान विस्तार गरी देशभरमा जम्मा १४९ स्थानीय तह कार्यान्वयनमा रहेको।

## प्रमुख चुनौतीहरू

* ४०% प्रतिशत भन्दा बढी क्षयरोगका बिरामीहरू पत्ता नलागेका वा पत्ता लागे पनि राष्ट्रिय क्षयरोग कार्यक्रममा आबद्ध नभएका।
* क्षयरोगका कारण आधा (५१%) बिरामीहरू तथा उनीहरूका परिवारहरूलाई अधिक आर्थिक व्ययभार परेको ।
* साठी प्रतिशत बिरामीहरूले क्षयरोगसम्बन्धी भेदभाव र लाञ्छनाको सामना गर्नुपरेको ।
* क्षयरोग कार्यक्रममा पर्याप्त बजेटको कमी ।
* क्षयरोग कार्यक्रममा निजी क्षेत्र तथा शैक्षिक संस्थाहरूको पर्याप्त तथा प्रभावकारी संलग्नताको कमी ।
* नियमित क्षयरोगका औषधीहरू तथा प्रयोगशालाका कन्जुमेबल्सको आपुर्ति व्यवस्थापन ।









## क्षयरोग कार्यक्रमका प्रमुख प्राथमिकताहरू

* क्षयरोग कार्यक्रमको राष्ट्रिय रणनीतिक योजना (२०२६/२७–२०३०/३१) को अनुमोदन र प्रसार।
* क्षयरोगको उच्च जोखिममा रहेका जनसङ्ख्यामा ए.आईमा आधारित पोर्टेबल छातीको एक्स-रे र द्रुत परिक्षणमार्फत क्षयरोगको निदान तथा उपचारको दायरा बढाउने।
* आपूर्ति व्यवस्थापनमा सुधार गरी औषधी र प्रयोगशाला सामाग्रीहरूको उपलब्धता सुनिश्चित गर्ने।
* विशिष्टकृत केन्द्रीय छातीरोग अस्पताललाई प्रभावकारी रूपमा सञ्चालन सुनिश्चित गर्ने।
* नेपालमा क्षयरोग अन्त्य गर्न बहु-क्षेत्रीय कार्य र जवाफदेहिताका लागि बहस पैरवी गर्ने।

## राष्ट्रिय क्षयरोग कार्यक्रमका रणनीतिक दिशानिर्देशहरू

* उपचार तथा निदानको दायरामा ल्याउन नसकिएका क्षयरोगका बिरामीहरू पत्ता लगाउने र उच्च उपचार सफलता दर कायम गर्ने।
* समुदायको सहभागिता र प्राथमिक स्वास्थ्य सेवामार्फत क्षयरोग सेवाहरू विस्तार गर्ने।
* क्षयरोगको उच्च जोखिम समूहहरूमा क्षयरोगको पहिचान र निदानलाई प्राथमिकता दिने।
* बालबालिकाहरूमा हुने क्षयरोग पहिचान, निदान र उपचारका सेवाहरू विस्तार र सुदृढ गर्ने।
* क्षयरोग प्रयोगशाला सञ्जाललाई राष्ट्रिय प्रयोगशालासँग आबद्ध गर्दै सुदृढीकरण गर्ने।
* औषधि-प्रतिरोधी क्षयरोगको कार्यक्रमगत तथा उपचार व्यवस्थापनलाई विस्तार गर्ने।
* TB/HIV सहकार्यका कार्यक्रमहरूलाई विस्तार गर्ने।
* क्षयरोग तथा सह-रोगहरूको (TB and Co-morbidities) व्यवस्थापन गर्ने।
* क्षयरोग सङ्क्रमण नियन्त्रण तथा रोकथामका कार्यहरू सुदृढीकरण तथा विस्तार गर्ने।
* सरकारी, निजि लगायत सम्पूर्ण स्वास्थ्य सेवा प्रदायकहरूलाई क्षयरोग उपचार तथा व्यवस्थापनमा संलग्न गराउने।
* क्षयरोग बिरामी तथा उनका परिवारलाई सामाजिक सुरक्षामार्फत सहयोग गर्ने।
* क्षयरोगसम्बन्धी भेदभाव र लाञ्छाना तथा सामाजिक निर्धारकहरूलाई सम्बोधन गर्ने।









# क्षयरोग सम्बन्धी संक्षिप्त विवरण

**विश्व क्षयरोग दिवस**
**२६ मार्च २०२६**

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

## आधारभूत तथ्यहरू

### क्षयरोग (TB) भनेको के हो?

* क्षयरोग माइकोब्यक्टेरियम ट्युबरकुलोसिस (*Mycobacterium Tuberculosis* Complex) द्वारा हुन्छ।
* क्षयरोग बिरामीले खोक्दा हाच्छ्युँ गर्दा वा थुक्दा हावामार्फत फैलिन्छ।
* ती किटाणुहरू सास फेर्दा शरीरमा प्रवेश गरेर क्षयरोगको सङ्क्रमण हुन सक्छ।
* क्षयरोग रोकथाम तथा निको हुने रोग हो।

### क्षयरोगका लक्षण तथा चिन्हहरू


दुई हप्ता वा बढी समयसम्म खोकी लाग्ने


ज्वरो आउने


तौल घट्ने


राति पसिना आउने

### क्षयरोग महामारीका प्रमुख कारक तत्वहरू

कारक तत्वहरू:
- कुपोषण
- मधुमेह
- धुम्रपान
- एच.आई.भि सङ्क्रमण
- मद्यपान

## विश्वमा क्षयरोगको अवस्था, २०२४

* विश्वमा अनुमानित १ करोड ७ लाख मानिसहरु क्षयरोगबाट बिरामी परेका छन्, जसमा ५८ लाख पुरुष, ३७ लाख महिला र १२ लाख बालबालिका तथा किशोर-किशोरीहरू समावेश छन्।
* क्षयरोगका कारण अनुमानित १२ लाख ३० हजार मानिसको मृत्यु भएको छ।
* विश्वमा अनुमानित ३ लाख ९० हजार मानिसमा बहुऔषधी प्रतिरोधी वा रिफाम्पिसिन-प्रतिरोधी क्षयरोग (MDR/RR-TB) भएको छ ।
* विश्वमा अनुमानित क्षयरोगका बिरामीहरूको कुल सङ्ख्याको दुई-तिहाइ हिस्सा आठ देशहरूमा रहेको छ : भारत, ईन्डोनेशिया, फिलिपिन्स, चिन, पाकिस्तान, नाइजेरिया, कंगो र बंगलादेश।

## दक्षिणपूर्वी एशिया क्षेत्रमा क्षयरोगको अवस्था (२०२४)

* दक्षिण-पूर्व एशिया क्षेत्रमा विश्वका कुल क्षयरोगका बिरामीहरूमध्ये एक-तिहाइभन्दा बढी बिरामीहरू रहेका छन्। विश्वमा रहेका नयाँ बिरामीमध्ये करिब ३७ लाख (एक तिहाई) र मृत्युमध्ये ४०% (४ लाख ३३ हजार) यही क्षेत्रमा रहेका थिए।

## नेपालमा क्षयरोगको अनुमानित भारको अवस्था


| अनुमानित क्षयरोगको भार * | सङ्ख्या | दर (प्रति लाख जनसङ्ख्या) |
|---|---|---|
| कुल नयाँ क्षयरोग बिरामी | ६७००० | २२७ |
| एच.आई.भि सङ्क्रमित क्षयरोग बिरामी | ४२० | १.४ |
| बहु औषधी प्रतिरोधी क्षयरोग बिरामी | २४०० | ८.१ |
| एच.आई.भि सङ्क्रमण नभएको क्षयरोग बिरामीको मृत्यु | १६००० | ५३ |
| एच.आई.भि सङ्क्रमित क्षयरोग बिरामीको मृत्यु | १६० | ०.५३ |

| बहु औषधी प्रतिरोधी क्षयरोग बिरामीको अनुमानित अवस्था * | |
|---|---|
| नयाँ पल्मोनरी ब्यक्टेरियोलोजिकल प्रमाणित बिरामीहरूमा | ३.५% |
| पुन: दोहोरिएका पल्मोनरी ब्यक्टेरियोलोजिकल प्रमाणित | ४% |

* Global TB Report २०२५



## नेपालमा उमेर र लिङ्गको आधारमा अनुमानित तथा उपचारमा दर्ता भएका बिरामी सङ्ख्या (आ.व. २०८१/८२)





## क्षयरोगको मुख्य सूचकाङ्कहरूमा प्रगति

| क्षयरोग अन्त्यका लागि राष्ट्रिय रणनीतिक योजना (२०७८/७९ देखि २०८२/८३) का प्रमुख सूचकहरू | आधार वर्ष आ.व. २०७६/७७ | हालको अवस्था आ.व. २०८१/८२ |
|---|---|---|
| क्षयरोगका नयाँ बिरामी दर २३८ बाट आ.व. २०८२/८३ सम्ममा १८१ प्रति लाख जनसङ्ख्यामा | २३८ | २२७ |
| क्षयरोगबाट हुने मृत्युदर ५८ बाट आ.व. २०८२/८३ सम्ममा २३ प्रति लाख जनसङ्ख्यामा | ५८ | ५३ |
| क्षयरोगको कारण अधिक आर्थिक व्ययभार बेहोरेका क्षयरोगबाट प्रभावित परिवारहरू (%) = शून्य प्रतिशत | उपलब्ध नभएको | ५१% |
| औषधी प्रतिरोध नभएको क्षयरोग ९५% पहिचान गरी उपचारको दायरामा ल्याउने | ४६% | ५८% |
| औषधी प्रतिरोधी क्षयरोग ९५% पहिचान गरी उपचारको दायरामा ल्याउने | १८% | २६% |
| औषधी प्रतिरोध नभएको क्षयरोगको उपचार सफलता दर ९०% पुर्‍याउने | ९०% | ९२% |
| औषधी प्रतिरोधी क्षयरोगको उपचार सफलता दर ८५% पुर्‍याउने | ६७% | ७६% |

**" हो ! हामी क्षयरोग अन्त्य गर्छौं ।
राष्ट्रिय अभियान, हाम्रो योगदान । "**




## आर्थिक वर्षअनुसार क्षयरोग बिरामीको अनुमानित तथा उपचारमा दर्ता भएका बिरामी सङ्ख्या (आ.व. २०७७/७८ — २०८१/८२)





*Global TB report २०२५; श्रोत: HMIS, FY 2081/82

## आर्थिक वर्षअनुसार औषधी प्रतिरोधी क्षयरोग बिरामीको अनुमानित तथा पत्ता लागेको सङ्ख्या (आ.व. २०७७/७८ — २०८१/८२)




*Global TB report २०२५; श्रोत: NTPMIS, FY 2081/82

## उपचार सफलता दर (आ.व. २०७७/७८ — २०८१/८२)




श्रोत: HMIS/DoHS & NTPMIS, FY 2081/82